कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट तथा काठमाडौं महानगरपालिकाको संयुक्त प्राविधिक टोलीले मिति २०८२/०९/२८ गते काठमाडौं उपत्यकाका खाद्य पदार्थहरूको उत्पादन तथा विक्री वितरण हुने स्थलहरूमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | दाउरा थकाली प्रा.लि., काठमाडौं म.न.पा.-३२, पेप्सीकोला | • सरसफाइ सन्तोषजनक रहेको<br>• Pest control को व्यवस्था रहेको<br>• फ्राइङ्ग तेलको TPM परीक्षण गर्दा १२.५ पाइएको<br>• Drainage pipelines व्यवस्थीत नरहेको<br>• भाँडा माझ्ने स्थान पकाउने स्थान संगै रहेको र खुल्ला अवस्थामा रहेको<br>• तयारी खाद्य वस्तुहरु नछोपी राखेको अवस्थामा पाइयो। | • Drainage pipelines र भाँडा माझ्ने स्थान व्यवस्थित गर्ने<br>• कामदारहरुको लागि changing room को व्यवस्था गर्ने<br>• अभिलेख व्यवस्थापन गर्ने। |
| २. | मटन स्टेशन प्रा.लि., काठमाडौं म.न.पा.-३२, पुरानो सिनामंगल (पेप्सीकोला) | • सरसफाइ सन्तोषजनक रहेको<br>• तेलको TPM परीक्षण गर्दा TPM value ३०.५ पाइएको<br>• भाँडा माझ्ने स्थान पकाउने स्थानसंगै रहेको<br>• फोहोर फाल्ने भाँडो (dustbin) व्यवस्थित नरहेको<br>• उपभोग्य मिति गुज्रेको स्टीम चाउचाउ (Steam noodles=१के जि x ३ प्याकेट) पाइयो<br>• स्टोरमा खाद्य वस्तुहरुको अव्यवस्थीत भण्डारण गरेको। | • उपभोग्य मिति गुज्रेको स्टीम चाउचाउ (Steam noodles=१ के जि x ३ प्याकेट) र गर्दा TPM value ३०.५ भएको (अन्दाजी ५ लिटर) फ्राइङ्ग तेल नष्ट गरियो<br>• पकाउने खाद्य वस्तुहरुमा कृत्रिम खाद्य रङ्ग (synthetic food color) को प्रयोग नगर्ने<br>• तयारी खाद्य वस्तुहरु छोपेर राख्ने<br>• खाद्य स्वच्छता कायम गरी व्यवसाय संचालन गर्ने<br>• उल्लेखित सम्पूर्ण कैफियतहरु सुधार गर्ने। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः २ वटा होटल/रेष्टुरेन्ट** | | | |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/१०/०२

<u>अनुगमनका केही झलकहरू</u>










